सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक १६८ ♦ २०८२ साल फागुन ९ शनिवार ♦ 21 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# महोत्तरी-१ : मतदाता रिझाउन घरदैलोमा उम्मेदवार



**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, बर्दिवास**

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि महोत्तरी-१ का उम्मेदवार अहिले मतदाता रिझाउन घरदैलोमा व्यस्त छन्। यस क्षेत्रमा १२ राजनीतिक दलका र १३ स्वतन्त्रसहित २५ जना उम्मेदवार छन् ।

जतातत्तै चुनावी चर्चा चुलिएको छ । चिया पसलमा पनि सबै चुनावी लख काट्न व्यस्त देखिन्छन् । दलका कार्यकर्ता र उम्मेदवार बस्तीबस्तीमा झण्डा फहराउँदै गाडी लिएर पुगिरेहका छन् ।

“भोटै त कति हालियो कति, हाम्रा दुःख जहाँका त्यही छन्”, महोत्तरी-१ भङ्गाहा-४ जमुनियाँचोकस्थित चिया पसलमा भेटिनुभएका स्थानीय नन्दा चौधरी थारूले भनिन्, “न खेतबारीमा सिँचाइ, न छोरा छोरीलाई रोजगारी, कसलाई दिनु हो भोट ?” सिँचाइ नहुँदा बाला ओइलाउँदै गरेको गहुँको बोट देखाउँदै उनले भनिन्, “अब त जसले सिँचाइको प्रबन्ध गर्छ, तिनैलाई भोट दिइन्छ ।”

सोही बस्तीका महिकरण चौधरीले पनि सिँचाइ गाउँलेको पहिलो प्राथमिकता रहेको बताए। “जीवन गुजारा धान्ने खेतीपातीले नै हो, तर हामी किसानतिर फर्केर हेर्ने कोही भएनन्”, उनले भने, “न सिँचाइ, न समयमा बीउमल, न सुलभ ब्याजदरको ऋृणको व्यवस्था ।”

जिल्लाको सम्पूर्ण चुरेक्षेत्र ओगटेको यहाँका वन, पहाडी शृङ्खला र नदीनालाको संरक्षण र समुचित प्रयोग आम मतदाताको चासोको विषय बनेको छ । “वन मासिँदो छ, पहाडी थुम्का र नदीमा अनियन्त्रित उत्खननले बर्सेनि बाढीबाट कटान, डुबान र पहिरोको समस्या झेलिदै छ”, बर्दिबास-९ पशुपतिनगरका सामाजिक कार्यकर्ता अमृतकुमार महतोले भने, “यी सम्पदाको संरक्षणको मुद्दामा दलहरूको खासै रुचि देखिँदैन ।” अहिले चुनाव प्रचारमा निस्केका दलका नेता, कार्यकर्ता र उम्मेदवारले जनताका यिनै प्रश्न सामना गरिरहेका छन् ।

यस क्षेत्रमा नेकपा माओवादी केन्द्रका उम्मेदवारले २०६४, २०७० र २०७४ सालमा चुनाव जितेका थिए। पटकपटक मन्त्री बनिसक्नुभएका गिरिराजमणि पोखरेल र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट अघिल्लो निर्वाचनका विजेता लक्ष्मी महतो कोइरी उम्मेदवार छन् । त्यसैगरी, नेपाली कांग्रेसका डा मुकेश काफ्ले, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोदकुमार महतो, जनता समाजवादी पार्टीका योगनारायण महतो र आम जनता पार्टीका मुकेश साह पहिलोपटक प्रतिस्पर्धामा उत्रिएका छन् ।

यहाँको बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका प्रतिनिधिसभा क्षेत्र नं १ मा पर्छन् । बर्दिबासका सबै (१४), गौशालाका सबै (१२) र भङ्गाहाका ३, ४, ५ र ९ नम्बर वडासमेत यस क्षेत्रका जम्मा ३० वडामा सानाठूला गरेर १२५ भन्दा बढी टोल बस्ती छन् । यहाँका अधिकांश बस्ती बर्खामा कटानको जोखिम र हिउँद नसकिँदै खानेपानीको हाहाकारमा पर्दै आएका छन् ।

यहाँका ३० वडामा ५९ मतदानस्थल र १३० मतदान तोकिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । यस क्षेत्रमा एक लाख पाँच हजार ६४६ मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी रञ्जिता झाले जानकारी दिइन्।-रासस

# जनकपुरधाममा आचारसंहिता उल्लंघनका २० हजार प्रचार सामग्री हटाइयो

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, जनकपुरधाम**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा चुनावी प्रचारप्रसार तीव्र बनेको बेला आचारसंहिता विपरीत टाँसिएका करिब २० हजार प्रचार सामग्री प्रशासनले हटाएको छ ।



जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम नगर क्षेत्रभित्र विभिन्न उम्मेदवारले जथाभावी टाँसेका पर्चा, पम्पलेट, ब्यानर र पोस्टर हटाएको जनाएको हो ।

प्रशासनका अनुसार सार्वजनिक स्थल, विद्युतका पोल, सरकारी भवन तथा सडक छेउछाउमा आचारसंहिता विपरीत टाँसिएका सामग्री हटाइएको छ ।

निर्वाचन आचारसंहितालाई प्रभावकारी बनाउन प्रशासनले बिहीबार उम्मेदवार तथा राजनीतिक दललाई एक दिनको समय दिएर नियमविपरीतका प्रचार सामग्री स्वयं हटाउन निर्देशन दिएको थियो ।

तर, तोकिएको समयभित्र सामग्री नहटाइएपछि प्रशासन आफैं खटेर शुक्रबार करिब २० हजार प्रचार सामग्री हटाएको जनाएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद लुइँटेलले जनकपुरधामका विभिन्न स्थानमा जथाभावी टाँसिएका प्रचार सामग्रीले शहरको सौन्दर्यमा असर परेको र निर्वाचन आचारसंहिता उल्लंघन भएको भन्दै कारबाहीस्वरूप हटाइएको बताउनुभयो ।

प्रजिअ लुइटेलका अनुसार अब पुनः यस्ता सामग्री टाँसे कानुनी कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

पछिल्ला दिनमा उम्मेदवारहरूले प्रचारप्रसारलाई तीव्र बनाउने क्रममा धनुषाका विभिन्न स्थानमा पर्चा, पम्पलेट अत्यधिक मात्रामा प्रयोग गरिएको पाइएको थियो ।

विशेष गरी मुख्य बजार क्षेत्र, चोक, सार्वजनिक भित्ताहरू र सरकारी संरचनामा आचार संहिता विपरीत सामग्री टाँसिएको भेटिएको थियो ।

निर्वाचन व्यवस्थापनलाई व्यवस्थित बनाउन र शहरलाई सफा राख्न प्रशासनले निगरानी बढाएको जनाएको छ । स्थानीय तह, प्रहरी र सरोकारवाला निकायको समन्वयमा अनुगमन जारी रहेको प्रशासनको भनाइ छ ।

यसैबीच, निर्वाचन नजिकिँदै जाँदा दल र उम्मेदवारहरू मतदाता भेटघाट, घरदैलो तथा सभामार्फत प्रचारमा सक्रिय भएका छन् । तर, प्रचारप्रसार गर्दा आचारसंहिताको पालना गर्न प्रशासनले पुनः आग्रह गरेको छ ।

प्रशासनले अबदेखि नियम विपरीत सामग्री टाँसिए तत्काल हटाइने र सम्बन्धित उम्मेदवार तथा दललाई आवश्यक कारबाही गरिने स्पष्ट पारेको छ । चुनावी वातावरण स्वच्छ, मर्यादित र व्यवस्थित बनाउन आचारसंहिताको कडाइका साथ कार्यान्वयन गरिने प्रशासनको प्रतिबद्धता छ ।

खबर दर्पण
राष्ट्रिय दैनिक



# धार्मिक आस्था र निर्वाचन बीच सन्तुलनको चुनौती: सीमानाका बन्दको त्रासमा मिथिला परिक्रमा यात्री

अजयकुमार साह

**फागुन ८ गते, बर्दिवास**



मिथिलाको पवित्र भूमिमा प्रत्येक वर्ष फागुन लागेसँगै एक विशेष आध्यात्मिक हलचल सुरु हुन्छ। त्रेता युगमा अयोध्याका राजकुमार राम र मिथिलाकी राजकुमारी सीताबीच गाँसिएको वैवाहिक सम्बन्धको स्मृतिलाई जीवन्त राख्दै सयौँ वर्षदेखि निरन्तर चल्दै आएको मिथिला मध्यमा परिक्रमा यस क्षेत्रको धार्मिक पहिचानको केन्द्र हो। तर यस वर्ष भने यही परम्परागत यात्राको मिति आसन्न निर्वाचनसँग जुधेपछि साधुसन्त र श्रद्धालुहरू चिन्तित बनेका छन्।

यस वर्ष पनि फागुन ४ गतेदेखि सुरु भई २० गतेसम्म सञ्चालन हुने परिक्रमामा नेपाल र भारतका लाखौं भक्तजनको सहभागिता रहेको छ। नेपालका ११ र भारतका चार गरी १५ पडाव स्थल पार गर्दै तीर्थयात्रीले नाङ्गो खुट्टा करिब १३३ किलोमिटर दूरी तय गर्ने परम्परा रहेको छ ।

फागुन औंसीदेखि पूर्णिमासम्म चल्ने यो यात्रा नेपाल र भारतका लाखौं भक्तजनको सहभागिताले 'मिथिलाको महाकुम्भ'का रूपमा समेत परिचित छ। परम्परागत बाजागाजा, झाँकी, कीर्तन र मौलिक पहिरन सहितको पैदल यात्रा मिथिलाको सांस्कृतिक जीवन्तता झल्काउने अद्वितीय दृश्य सहित शुक्रवार जलेश्वर आइपुगेको छ।जलेश्वरको विश्रामपछि शनिबार परिक्रमाको लस्कर महोत्तरीको मडै पुग्ने छ। त्यसपछि ध्रुवकुण्ड, कन्चनवन, धनुषाको पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कल्याणेश्वर र फागुन पूर्णिमाको दिन जनकपुर फर्केर अन्तगृह परिक्रमा सम्पन्न हुने छ।

सुन्दर सदन जनकपुरधामका महन्त नवल किशोर बाबा भन्नुहुन्छ, "यो परिक्रमा केवल यात्रा होइन, हाम्रो अस्तित्वसँग गाँसिएको आस्था हो। तर चुनावका कारण सीमानाका बन्द र सुरक्षा कडाइ हुँदा साधुसन्तलाई आवागमनमै कठिनाइ हुने देखिन्छ।" उहाँको अनुसार १५ विश्रामस्थलमध्ये ११ नेपाल र चार भारतमा पर्छन्, जसले गर्दा सीमा आवतजावत असहज हुने चिन्ता लागेको छ।

१८औं शताब्दीमा रचिएको 'मिथिला महात्म्य' महाकाव्यमा वर्णन गरिएअनुसार यो परिक्रमा रामायणसँग सम्बन्धित विभिन्न पवित्र स्थल हुँदै अघि बढ्छ। प्राचीन मिथिलाको राजधानी जनकपुर धामका चारै दिशामा राजा जनकले स्थापना गरेका कल्याणेश्वर, जलेश्वर, क्षीरेश्वर र सप्तेश्वरनाथ शिवालयलाई आधार मानेर परिक्रमा गर्ने परम्परा छ। धार्मिक विश्वासअनुसार यस यात्रामा सहभागी हुँदा राजाजनक झैं गृहस्थ जीवनमै रहेर पनि मोक्ष प्राप्त हुने जनविश्वास रहेको छ।

तर फागुन २१ गतेका लागि तोकिएको निर्वाचनले यस वर्षको धार्मिक यात्रामा अन्योल थपेको छ। फागुन १९ गते भारतको कल्याणेश्वरबाट बाजागाजा सहित हजारौं श्रद्धालु जनकपुरधाम फर्किने र २० गते पञ्चकोशी अन्तरगृह परिक्रमा सम्पन्न हुने तालिका छ। त्यसको भोलिपल्ट चुनाव भएकाले दुई दिनअगाडिदेखि मौन अवधि र सीमानाका बन्द हुने प्रावधानले सहभागीहरू कसरी फर्किने भन्ने प्रश्न उठेको छ।

यसैबीच जिल्ला प्रशासन कार्यालय धनुषा र महोत्तरीमा सराकार वाला सहित बसेको छुट्टा छुट्टै बैठकले परिक्रमा अवधिभर सुरक्षा, स्वास्थ्य, सरसफाइ, यातायात व्यवस्थापन तथा धार्मिक मर्यादा कायम गर्ने विषयमा निर्णय गरेको गरिएको छ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीमा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको अध्यक्षतामा बसेको बैठकले परिक्रममा यात्रीको प्रमुख पड़ाव स्थल आसपास १ किलोमिटर क्षेत्रभित्र मासु तथा मदिराजन्य पदार्थको बिक्री र सेवनमा प्रतिबन्ध लगाएको छ । प्रशासनका अनुसार सबै निकायको समन्वयमा यस वर्षको परिक्रमा शान्तिपूर्ण र सुरक्षित रूपमा सम्पन्न गराउने योजना बनाएको छ ।

त्यसैगरी जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेलले परिक्रमा अवधिमा सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाइएको र परिक्रमालाई विगत वर्षझैं व्यवस्थित, सुरक्षित र अनुशासित ढङ्गले सञ्चालन गर्ने जानकारी दिनुभयो ।

जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको यो धार्मिक यात्रा भएकाले चुनावको पूर्व सन्ध्या पर्ने भएको हुँदा सीमा आवागमनमा सहजीकरण गर्न आग्रह गर्नुभयो ।

लक्ष्मीनारायण मठ मटिहानीका महन्थ डा. रवीन्द्र दास वैष्णवले परम्परादेखि चल्दै आएको परिक्रमाको गरिमा जोगाइराख्न सबै पक्ष सचेत हुनुपर्ने बताउनुभयो। बृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्ष शीतल साहले तीर्थयात्रीका लागि खानेपानी, शौचालय तथा निःशुल्क स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिइएको जानकारी दिँदै परिक्रमा यात्रीहरु चुनावको मौन अवधि कै क्रममा फर्किने भएको हुँदा प्रशासनलाई यात्रीहरुलाई सहज आवत जावतको बन्दोबस्त मिलाउनु हुन आग्रह गर्नुभयो ।

भारतको दरभंगाबाट आएका श्रद्धालु अरबिन्द कर्ण भन्नुहुन्छ, "हामी वर्षौंदेखि यो परिक्रमा गर्दै आएका छौं। यदि सीमा बन्द भयो भने होली मनाउन घर फर्कनै समस्या हुन्छ।"

औरही नगरपालिका १ की परिक्रमा यात्रामा सहभागी रामपरी यादव पनि चिन्ता व्यक्त गर्नुभयो, "धार्मिक कर्तव्य पूरा गर्न आएका छौं, तर मतदान पनि हाम्रो अधिकार हो। दुवैलाई कसरी मिलाउने भन्ने चिन्ता लागेको छ।"

महोत्तरी र धनुषाको स्थानीय प्रशासनले भने समन्वय प्रयास भइ रहेको जनाएको छ।

महोत्तरीका एक अधिकारीका अनुसार, "चुनाव संवैधानिक दायित्व हो भने परिक्रमा सांस्कृतिक धरोहर। सुरक्षा र व्यवस्थापनमा विशेष योजना बनाइँदैछ ताकि दुवै कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न होऊन्।"

परिक्रमा अवधिमा धनुषा र महोत्तरी आसपासका क्षेत्र आर्थिक रूपमा पनि चलायमान हुन्छन्। होटल व्यवसायी र साना व्यापारीका लागि यो समय मुख्य आम्दानीको स्रोत हो।

भंगहा नगरपालिका कंचनवनका व्यापारी रमेश साह भन्नुहुन्छ, "श्रद्धालुको भीडले बजार चलायमान हुन्छ। चुनावी सुरक्षाले आवागमन घटे आर्थिक असर पर्छ।"

आस्था र लोकतन्त्रबीच सन्तुलन खोज्ने चुनौती यसपटक स्पष्ट देखिएको छ। मिथिलाको आध्यात्मिक परम्परा र लोकतान्त्रिक अभ्यास दुवैलाई सम्मान गर्दै समाधान निकाल्न सकिने विश्वास धेरैमा छ। साधुसन्त, श्रद्धालु र स्थानीयवासीको एउटै आग्रह छ– परम्परा पनि जोगियोस्, निर्वाचन पनि सफल होओस्।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जलेश्वरमा परिक्रमावासीको भव्य स्वागत

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, बर्दिवास**

मिथिलाको बहुचर्चित माध्यमिक परिक्रमाको धार्मिक लस्कर शुक्रबार विहान जलेश्वर आइपुग्दा स्थानीयहरूले भव्य स्वागत गरेका छन्।

शुक्रबार रात्रि विश्रामका लागि जलेश्वर आएका साधु सन्त, महन्थ र गृहस्थसहितका परिक्रमावासीलाई परशुराम साह नेतृत्वको मिथिला परिक्रमा धर्मसंस्थाको अगुवाईमा बैण्डबाजा र सहनाई बाजासहित स्वागत गरिएको हो। स्थानीय युवाहरूले जलेश्वरको भार्गवसर कुट्टी अगाडि पुगेर फूलमाला र बाजागाजासहित स्वागत गरे।

धर्मसंस्थाको नेतृत्वमा प्रत्येक वर्ष झैँ यस वर्ष पनि मटिहानी-जलेश्वर सडकअन्तर्गत पर्ने भार्गवसर कुट्टीमा जलेश्वर नगर पालिकाका नगर प्रमुख सुरेश साह सोनार, प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, प्रशासनिक निकायका प्रमुख, स्थानीय युवा, महिला तथा नागरिक समाजका प्रतिनिधिहरू सहभागी भएर परिक्रमावासीलाई स्वागत गरेका थिए।

परिक्रमावासीको सहजताका लागि आवास, भोजन र आकस्मिक उपचारको व्यवस्थासमेत संस्थागत र निजी रूपमा गरिएको छ। मेला भर तीन सयभन्दा बढी स्वयंसेवक परिचालन गरिएको छ।

जलेश्वरमा मेलामा घुम्न आएका साधु सन्त र नाङ्गाबाबाहरूको क्रियाकलाप हेर्न ठुलो भिड देखिएको छ। मेलामा सहभागी जनताहरू जलेश्वर वरिपरिका गाउँ तथा भारतको विहार राज्यका सीतामढी, सुरसण्ड, मधवापुर लगायतका ठाउँबाट पनि आएका थिए।



मटिहानीबाट जलेश्वर आउने क्रममा जलेश्वर नगरपालिका-४, सुगा गाउँमा पनि स्थानीय र सङ्घसंस्थाले परिक्रमावासीलाई स्वागत गरेका थिए।

धर्मयात्रा धनुषाको कचुरीमठबाट मिथिला विहारी र अग्निकुण्डबाट किशोरीजीको डोलासहित जानकी मन्दिर हुँदै प्रारम्भ भई हनुमानगढी, कल्याणेश्वर, फुलहर हुँदै मटिहानी पुगेर रात्रिवास पछि जलेश्वर आइपुगेको हो। जलेश्वरको विश्रामपछि शनिबार परिक्रमाको लस्कर महोत्तरीको मडै पुग्ने छ। त्यसपछि ध्रुवकुण्ड, कन्चनवन, धनुषाको पर्वता, धनुषाधाम, औरही, विशौल हुँदै पुनः कल्याणेश्वर र फागुन पूर्णिमाको दिन जनकपुर फर्केर अन्तगृह परिक्रमा सम्पन्न हुने छ।

१८औँ शताब्दीदेखि सञ्चालन भइरहेको माध्यमिक परिक्रमामा नेपालका १०७ किलोमिटर र भारतका २६ किलोमिटर गरी कुल १३३ किलोमिटर पैदल यात्रा तय गर्ने परम्परा रहेको छ। भारतको आयोध्या, मथुरा, हरिद्वार, दरभङ्गा, सितामढी, बैजनाथधामका साधुहरू समेत विशेष रूपमा सहभागी छन्।

फागुनशुक्ल प्रतिपदादेखि प्रारम्भ हुने यो धर्मयात्रा १५ दिनभित्र जनकपुर पुगेर होली खेलेर फागुनपूर्णिमाको दिन समाप्त हुने परम्परा छ। सहभागीहरूका अनुसार यसमा भाग लिनुबाट मन, वचन र कर्मले भएका पाप तथा अन्याय नष्ट हुने र मनोकामना पूरा हुने धार्मिक मान्यता रहेको छ। परिक्रमामा नेपाल-भारतका साधु, सन्त, महन्थसहित लाखौं धर्मावलम्बी सहभागी रहेका छन्।

# सिरहामा १४ लाखसहित युवक पक्राउ

**खबर दर्पण समाचारदाता**

**फागुन ८ गते, बर्दिवास**

सिरहाको औरहीबाट प्रहरीले स्रोत नखुलेको रु १४ लाख रकमसहित एक युवकलाई पक्राउ गरेको छ। औरही गाउँपालिका–५ स्थित औरही चोकमा गरिएको विशेष जाँचका क्रममा उक्त रकम बरामद भएको हो।

पक्राउ पर्नेमा सिरहाकै बरियारपट्टी गाउँपालिका–३ शिवनगरका २१ वर्षीय सञ्जितकुमार यादव रहेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार यादवलाई आज नियन्त्रणमा लिइएको हो।

बरियारपट्टीबाट औरहीतर्फ मोटर साइकलमा आउँदै गरेका यादवलाई शङ्का लागेर प्रहरी टोलीले खानतलासी गरेको थियो। सो क्रममा उनको साथबाट एक हजार दरका एक हजार ४०० थान नोट ९कूल रु १४ लाख० फेला परेको प्रहरीले जनाएको छ।

प्रहरीले सो रकमको स्रोत खुलाउन माग गर्दा यादवले कुनै पनि वैध प्रमाण पेस गर्न सकेका थिएनन्। पक्राउ परेका यादवलाई थप कानुनी कारबाहीका लागि आवश्यक प्रक्रिया अगाडि बढाइएको प्रहरीले जनाएको छ। रासस

मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् ।
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
यातायात व्यवस्था कार्यालय जनकपुरधाम

कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस्।
फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस्।
प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस्।
पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस्।
आफ्नो घर र आँगन सफा राख्नुहोस्।
लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस्।
एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस्।
आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा।
हाम्रो सहर, राम्रो सहर: सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !
औरही नगरपालिका,
महोत्तरी

तपाईको शहर वर्दिवासमा


सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026



# जनकपुरधाममा चार दिने अन्तर्राष्ट्रिय नाट्य महोत्सव सम्पन्न

खबर दर्पण समाचारदाता
फागुन ८ गते, बर्दिवास

मधेश प्रदेशको राजधानी जनकपुरधाममा चार दिवसीय 'जनकपुरधाम साहित्य, कला तथा अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०८२' सम्पन्न भएको छ।




मैथिली भाषा, साहित्य, कला तथा संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित महोत्सवमा विद्यालय तहका विद्यार्थीको उल्लेख्य सहभागिता देखिएको आयोजकले जनाएको छ।

महोत्सव मैथिली विकास कोषको आयोजना तथा मधेश प्रदेश सरकार अन्तर्गतको शिक्षा तथा संस्कृति मन्त्रालय मधेश प्रदेश, जनकपुरधाम उपमहानगर पालिका र राजर्षि जनक विश्वविद्यालयलगायतका निकायको सह-आयोजनामा सम्पन्न भएको हो।

चार दिनसम्म सञ्चालन भएको कार्यक्रममा मैथिली संस्कृतिप्रति युवा पुस्तालाई जोड्ने लक्ष्यसहित विद्यालय केन्द्रित गतिविधिहरूलाई प्राथमिकता दिइएको थियो।

कार्यक्रमअन्तर्गत जनकपुर धामका सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थी सहभागी भई नृत्य, वक्तृत्व, चित्रकला तथा कविता प्रतियोगितामा प्रतिस्पर्धा गरेका थिए।

प्रतियोगितामा उत्कृष्ट हुने विद्यालय र विद्यार्थीहरूलाई दोसल्ला ओढाएर शिल्ड, कप, नगद तथा सम्मानपत्र प्रदान गरिएको थियो।

पुरस्कार वितरण कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्ण र जनकपुर धाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहलगायतले विजेताहरूलाई सम्मान गर्दै यस्ता कार्यक्रमले भाषा र संस्कृतिको संरक्षणमा महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए।

समापन समारोह कोषका अध्यक्ष जीवनाथ चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा कोषका सदस्य नित्यानन्द मण्डल, सदस्य सचिव श्यामसुन्दर शशी तथा पूर्वमन्त्री रामसरोज यादवलगायतले महोत्सवको उपलब्धि र यसको दीर्घकालीन प्रभावबारे धारणा व्यक्त गरेका थिए।

अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा नेपाल र भारतका मैथिली भाषा, साहित्य, संस्कृतिका विद्वान, कलाकार तथा सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरूको सहभागिता रहेको आयोजकले जनाएको छ।

महोत्सव अवधिभर २० वटा समसामयिक विषयमा विमर्श तथा अन्तरक्रिया पनि सञ्चालन गरिएको थियो।

मैथिली विकास कोषले यसअघि २०७३, २०७५, २०७८ र २०८० सालमा पनि अन्तर्राष्ट्रिय नाट्य महोत्सव आयोजना गरिसकेको छ।

यस वर्षको संस्करणलाई अझ व्यवस्थित र सहभागितामूलक बनाउँदै युवामैत्री गतिविधिमा जोड दिइएको आयोजकको भनाइ छ।

महोत्सवका सम्पूर्ण कार्यक्रमहरू कोषको आफ्नै भवन परिसर, जनकपुरधाम वडा नं. ८ सीताकुण्ड क्षेत्रमा सम्पन्न भएको हो।

# ४१ वटा दलले पार्टीको घोषणापत्र निर्वाचन आयोगमा बुझाउन बाँकी

खबर दर्पण समाचारदाता
फागुन ८ गते, बर्दिवास

आसन्न प्रतिनिधिसभा निर्वाचनमा होमिएका मध्ये ४१ वटा दलले पार्टीको घोषणापत्र निर्वाचन आयोगमा बुझाएका छन्।

निर्वाचन आयोगले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै ४१ वटा दलले पार्टीको घोषणापत्र बुझाएको जानकारी दिएको हो। आयोगले चार गते अगाडि नै घोषणापत्र बुझाउन भनेपनि दलहरुले अहिलेसम्म पनि घोषणापत्र बुझाइरहेको आयोगकी सहायक प्रवक्ता सीता पुनले जानकारी दिनुभयो। उम्मेदवार हरुको हकमा भने जिल्ला तहको निर्वाचन कार्यालयमा बुझाउन सक्ने व्यवस्था रहेकाले पूर्ण बिवरण आउन बाँकी रहेको उहाले बताउनुभयो।

सहायक प्रवक्ता पुनले प्रत्यक्षतर्फको १६५ निर्वाचन क्षेत्रको सवै मतपत्र छपाई सम्पन्न गरि प्याकिङ्गो काम सकिएको र समानुपातिकतर्फ सुदूरपश्चिम, कर्णाली, कोशी प्रदेशमा ढुवानी गरिसकेको जानकारी दिनुभयो। उहाले निर्वाचनका लागि छापिएका नमूना मतपत्रहरु लिएर आयोगका स्वयंसेवकहरूले मतदातालाई मतदान शिक्षा प्रदान गरिरहेको उल्लेख गर्नुभयो।

त्यस्तै उहाले निर्वाचन प्रचार प्रसारका लागि उम्मेदवारले बैंक खाता खोल्नुपर्ने प्रावधान रहेकोमा हालसम्म सात वटा राजनीतिक दल र ८ हजार ८ सय ६७ उम्मेदवारले निर्वाचन बैंक खाता खोलेको रिपोर्ट प्राप्त भएको बताउनुभयो।

उहाले यस हप्ता सार्वजनिक विदा धेरै परेकाले अर्को हप्ताको आइतबार र सोमबार बैंक खाता खोल्ने उम्मेदवारको संख्या निकै बढ्न सक्ने आयोगको अनुमान रहेको धारणा राख्नुभयो। सहायक प्रवक्ता पुनले निर्वाचन आयोगले तयार गरेको कार्यतालिका बमोजिम नै निर्वाचनको तयारीका काम अघि बढिरहेको बताउनुभयो।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,